फोन नं.: ०६७-४३०१०२
४३०१०३
४३०१०४

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०८३/८४
च.नं.:

संघीय सशर्त तर्फका कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना!!!

प्रथम पटक प्रकाशित मितिः२०८३/०६/२२

यस फलेवास नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, खानीगाउँ पर्वतको आर्थिक वर्ष २०८३/८४ को संघीय सशर्त तर्फको वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुदानमा संचालन हुने तपसिल बमोजिमका कार्यक्रमहरू रहेको हुँदा नगरपालिका भित्रका कृषि व्यवसाय एवम् सहकारी सम्वन्धी संलग्न इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन (२०८३/०७/११) भित्र सम्वन्धित वडा कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहितको प्रस्ताव आव्हान गरिएको छ।यस सम्वन्धी थप जानकारीको लागि वेवसाइट https://phalewasmun.gov.np/ वा फोन नं. ९८६४८८६६७६/९८४६७९७५०० मा सम्पर्क गर्न सकिनेछ।

तपसिल :

क्र.स.	कार्यक्रमको नाम	कूल बजेट (रू.)	अनुदान प्रतिशत	संचालन गरिने क्रियाकलापहरु	कैफियत
१.	खुमल जातका मसिना बास्नादार धान बीउ उत्पादन कार्यक्रम	१०,००,०००	सामुहिकको हकमा= ८५%, निजीको हकमा= ५०%	उत्पादन सामग्री (स्रोत बीउ,प्राङ्गारिक/जैविक/भर्मीकम्पोष्ट मल,विषादी) र प्रोत्साहन अनुदान, पूर्वाधार निर्माण तथा यान्त्रिकरण सहयोग, प्रविधि प्रसारण तथा गुणस्तर नियन्त्रण लगायतका गतिविधिहरु	लक्षित वर्गः कृषक समूह,कृषि सहकारी, सामुदायिक बीउ बैंक,कम्पनी, उपभोक्ता समिति
२.	मकै बीउ उत्पादन कार्यक्रम	८,००,०००	सामुहिकको हकमा= ८५%, निजीको हकमा= ५०%	स्रोत बीउ, प्राङ्गारिक/जैविक/भर्मिकम्पोष्ट मल, विषादी र प्रोत्साहन अनुदान, पूर्वाधार निर्माण/सबलिकरण तथा यान्त्रिकरण सहयोग, खडा बाली निरीक्षण र उत्पादित बीउको परिक्षण शूल्क लगायत कार्यविधिमा उल्लेखित गतिविधिहरु	लक्षित वर्गः कृषक समूह,कृषि सहकारी, सामुदायिक बीउ बैंक,कम्पनी, उपभोक्ता समिति
३.	साना सिंचाई पुर्वाधार निर्माण	२४,७५,०००	सामुहिकको हकमा= ८५%, निजीको हकमा= ५०%	साना सिंचाई पूर्वाधार निर्माण तथा मर्मत, सिंचाई पोखरी, प्लाष्टिक पोखरी, कुलो, कुवा, सिंचाई पाईप, मोटर निर्माण तथा जडान, नवीन सिंचाई निर्माण तथा जडान	लक्षित वर्गः कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषिसँग सम्वन्धित समितिहरु

विनय सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

फोन नं.: ०६७-४३०१०२
४३०१०३
४३०१०४

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०८३/८४
च.नं.:

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

आवश्यक कागजातहरु :

१. व्यक्तिगत कृषकको हकमा नागरिकताको प्रतिलिपि।
२. खेती विस्तार हुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि।
३. अनुसूची – २ बमोजिमको ढाँचामा निवेदन।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस (कार्यक्रममा दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको)।
५. निजी फर्मको हकमा गत आ.व.को लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
७. कृषक समूह/सहकारीको हकमा कार्यसमितिको बैठकको निर्णय प्रतिलिपि, संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नवीकरण, गत आ.व.को लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि, गत आ.व. को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
८. सोहि प्रकृतिको कार्यक्रमका लागि अघिल्लो २ आ.व. मा कुनै कार्यालयवाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।

पुनश्चः माथि उल्लिखित कार्यक्रमहरू प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ (प्रथम संशोधन २०८३) अनुसार संचालन हुनेछन् । साथै उल्लिखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरू माथि कुनै पनि प्रक्रिया अघि बढ्ने छैन ।

नोटः आवेदनका लागी अनुसूची - २ बमोजिमको ढाँचा र स्वघोषणाको ढाँचा सम्वन्धित वडा कार्यालयवाट प्राप्त हुनेछन्।

२५/०२

विनय सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ,

श्री सूचना प्रविधि शाखा, वेवसाइटमा अपलोड गरिदिनुहुन ।

श्री वडा कार्यालय सवै, वडाको सूचना पाटीमा सूचना टाँस गरी आफ्नो वडा भित्रका लक्षित कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरूलाई जानकारी गरिदिनुहुन ।

(थप जानकारीको लागि सम्पर्क नं. ९८६४८८६६७६, ९८४६७९७५००)

Scanned with CamScanner

अनुसूची -२

अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा

3

विनय सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८३/ /

विषयः अनुदान उपलब्ध गराईदिनुहुन ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
फलेवास नगरकार्यपालिकाको कार्यालय, खानीगाउँ, पर्वत ।

प्रस्तुत सम्वन्धमा तहाँ कार्यालयबाट मिति २०८३/०६/२२ मा प्रकाशित सूचना अनुसार संचालन हुन लागेको .... कार्यक्रमको उद्देश्य लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम संचालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछौं/छु ।

तपसिलः

अनुदानग्राहीको नामः

ठेगानाः

स्थानीय तहः फलेवास नगरपालिका, गण्डकी प्रदेश

वडा नं.

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

अनुदान रकम आवश्यक पर्नुको कारणः

कार्यक्रम संचालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम संचालन गर्न लाग्ने कूल समयः

कार्यक्रम संचालन गर्ने कार्ययोजनाः

कार्यक्रम बाट लाभान्वित जनसंख्या

निवेदक

कृषक समूह/कृषि सहकारी सँस्था/ कृषि फार्म/ उद्यमी कृषकः

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम थरः

पदः

सम्पर्क नम्बरः

संस्थाको छाप

मितिः

CS Scanned with CamScanner

समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र

फलेबास नगरपालिका कृषि विकास शाखा, पर्वतको मिति २०८३/०६/२२ गतेको प्रकाशित सूचना अनुसार फलेबास नगरपालिका .... नं. वडा .... गाउँ/टोल स्थायी ठेगाना भएको म श्री...ले लागत साझेदारीमा.................. ....कार्यक्रम संचालनको लागि पेस गरेको व्यवसाय योजनासँग मेल खाने कार्यको लागि विगत २ वर्ष भित्र संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान नलिएको स्वघोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

निवेदकको:

दाँया	बाँया

दस्तखत ....

नाम ....

मिति ....

संस्थाको छाप ....

फलेबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२